annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक २९ पृष्ठ ८ | काठमाडौं, बिहीबार १५ जेठ २०८२ | जेष्ठ शुक्लपक्ष द्वितीया नेपाल संवत् ११४५ | THURSDAY, MAY 29, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित| मूल्य : रु. १०

कभर स्टोरी

## अबौंका ठेक्का मिलेमतोमा

सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ को उद्देश्य खरिद कार्यलाई प्रतिस्पर्धी र मितव्ययी बनाउनु हो। त्यसैका लागि खुला बोलपत्र आह्वानको व्यवस्था गरिएको छ। तर, निर्माणाधीन अवस्थामा रहेको लुम्बिनी प्रादेशिक अस्पतालमा त्यस्तो भेटिएन। यहाँ ७ अर्ब लागतको अस्पताल बनाउन ७ अर्बमै ठेक्का सम्झौता भएको छ। घटीघटाउमा ठेक्का आह्वान गरे तापनि ० दशमलव ००२ प्रतिशत मात्र कम भयो। यसलाई महालेखापरीक्षकको २०८२ को प्रतिवेदनले मिलेमतोको आंशका गरेको छ। विवादै विवादकाबीच पटक-पटक मुद्दामामिला झेलेर निर्माणाधीन अवस्थामा रहेको यो अस्पताल लुम्बिनी प्रदेश सरकारको गौरवको आयोजना हो। मलेपको प्रतिवेदनलाई हेर्दा ठेक्का पारेको निर्माण कम्पनीको अनुकूलमा केही शर्तहरू राखेर खुला प्रतिस्पर्धा गराइएको हुनसक्ने आशंका गरिएको छ। यो अस्पतालसहित देशभरका थुप्रै विकास निर्माणका भौतिक संरचनामा सार्वजनिक खरिद ऐन मिचिएको मलेपले देखाएको छ।

विस्तृत पृष्ठ २

केशरराज क्षेत्री | *बुटवल*

– को रिपोर्ट




निर्माणाधीन लुम्बिनी प्रदेश अस्पताल, जसको ठेक्का प्रक्रियाप्रति महालेखाले प्रश्न उठाएको छ। ● केशरराज क्षेत्री

## बजेट भाषण आज, १९ खर्बको सिलिङ

- ३ करोड बढीका आयोजना प्राथमिकतामा, आयोजना बैंकको अवधारणा

**ममता थापा** | *काठमाडौं*

सरकारले आर्थिक वर्ष २०८२/८३ का लागि १९ खर्ब रुपैयाँ हाराहारीको बजेट बिहीबार सार्वजनिक गर्दै छ। जेठ १५ गते संसद्मा बजेट प्रस्तुत गर्नुपर्ने संवैधानिक व्यवस्था छ। उपप्रधान तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले दिउँसो ३ बजे बस्ने संघीय संसदको बैठकबाट बजेट प्रस्तुत गर्ने कार्यसूची तय भएको छ।



राष्ट्रिय योजना आयोगले आगामी आवका लागि १९ खर्ब ६५ करोड रुपैयाँ हाराहारीको बजेट सिलिङ तोकेको छ। अर्थ मन्त्रालयले पनि सिलिङभित्रै रहेर बजेट तयार पारेको जनाएको छ। अर्थले पनि राष्ट्रिय योजना आयोगले तोकेको सिलिङको आधारमा टेकेर आवश्यकताअनुसार बजेट थपघट गरेको छ। मन्त्रालयहरूले अधिकतम सीमा ननाघ्ने गरी बजेट सीलिङ अर्थ मन्त्रालयमा पेस गरिसकेको अर्थ मन्त्रालयका प्रवक्ता श्यामप्रसाद भण्डारीले जानकारी दिए। आयोगले दिएको कुल सिलिङमा रहने हो भने चालु खर्च सीमा ११ खर्ब ४७ अर्ब ७ करोड ९९ लाख रुपैयाँ र पुँजीगत अर्थात विकास खर्च ३ खर्ब ८४ अर्ब ९७ करोड रुपैयाँ हाराहारीमा हुनेछ।

» विस्तृत पृष्ठ ५

## नागरिकता टोलीको त्रुटिले एक बिरामीको जीवन जोखिममा

**दिनेश गौतम** | *काठमाडौं*

| | | |
|---|---|---|
| नाम | : | सोनी केसी (कार्की) |
| उमेर | : | २९ वर्ष |
| समस्या | : | दुवै मिर्गौला फेल |
| क्याबिन नं | : | ३०६ |
| अस्पताल भर्ना | : | २०८२ वैशाख १५ |

टिचिङ अस्पताल महाराजगन्जको नेफ्रोलोजी वार्डमा सोनी केसी मिर्गौला प्रत्यारोपणको पर्खाइमा छिन्। बुहारीलाई अंग (मिर्गौला) दान गर्न सासूआमा (सीता कार्की) पनि तयार छिन्। तर, सासूआमाको नागरिकतामा भएको जन्ममिति त्रुटिले सोनीको मिर्गौला प्रत्यारोपणमा ढिलाइ भइरहेको छ। नागरिकतामा भएको जन्ममिति अनुसार प्रत्यारोपण गर्न अस्पताल प्रशासन र चिकित्सक मान्दैनन्।



त्रिभुवन विश्वविद्यालय, शिक्षण अस्पताल महाराजगन्जमा मिर्गौला प्रत्यारोपणको पर्खाइमा रहेकी सोनी केसी (कार्की)। ● अन्नपूर्ण

जन्ममिति सच्याउन पटक-पटक धाउँदा पनि जिल्ला प्रशासन कार्यालय मोरङले मानेन। त्यसै कारण सोनीको मिर्गौला प्रत्यारोपणमा अलमल भइरहेको छ।

**आमा–छोराको उमेर ७ वर्ष मात्रै फरक!**

आमा–छोरा बीचको जन्ममिति फरक कति हुन्छ? जो कोहीले भन्छ, 'औसतमा २० वर्ष।' तर, बुहारीलाई मिर्गौला दिन तयार रहेकी सीता र उनका छोरा रमेश कार्कीबीच नागरिकताअनुसार उमेर फरक छ, '७ वर्ष मात्रै।'

आमा छोराबीचको यहीं ७ वर्ष फरकको जन्ममितिको नागरिकता बनेकाले मिर्गौला प्रत्यारोपण गर्न चिकित्सकहरू पछि हटेका हुन्। नागरिकतामा सीताको जन्ममिति २०३७ साल उल्लेख छ। छोरा रमेश कार्कीको नागरिकतामा जन्ममिति २०४४ माघ २९ छ। छोरा रमेशको नागरिकता २०६६ कात्तिक १३ गते जारी भएको थियो। सीताको २०७० जेठ १० गते जारी भएको हो।

» बाँकी पृष्ठ ६

